श्रमजीवी वर्गको सम्मानित, समृद्ध र सिर्जनशील जीवन !

## नेपाल ट्रेड यूनियन महासंघको

# विधान

# नेपाल ट्रेड यूनियन महासंघको विधान २०४६

**प्रथम संशोधन**

२०५२ चैत्र १-३ (१९९६ मे) दोस्रो महाधिवेशनबाट पारित

**दोस्रो संशोधन**

२०५७ बैशाख १८-२० (२००० मे) तेस्रो महाधिवेशनबाट पारित

**तेस्रो संशोधन**

२०६१ बैशाख १९-२२ (२००४ मे) चौथो महाधिवेशनबाट पारित

**चौथो संशोधन**

२०६५ चैत्र २२-२५ (२००९ अप्रिल) पाँचौ महाधिवेशनबाट पारित

**पाँचौं संशोधन**

२०७० चैत १४-१७ (२०१४ मार्च) छैटौं महाधिवेशनबाट पारित

**छैठौं संशोधन**

२०७३ श्रावण ०४-०५ (२०१४ जुलाई) संघियता अनुरुप बनाउन
राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषदबाट पारित

**सातौं संशोधन**

२०७४ चैत १४-१७ (२०१८ मार्च २८-३१) सातौं राष्ट्रिय महाधिवेशनबाट पारित

## प्रस्तावना

२००३ साल फागुन २० गतेबाट शुरु भएको ऐतिहासिक मजदुर आन्दोलनबाट स्थापित देशको पहिलो ट्रेड यूनियन केन्द्र-अखिल नेपाल ट्रेड यूनियन कांग्रेसको इतिहासलाई निरन्तरता दिंदै,

सार्वभौमसत्ता सम्पन्न जनताको अधिकारको अवमूल्यन गर्दै २०१७ सालमा नेपाली जनतामाथि राजतन्त्रद्वारा लादिएको निरंकुश सत्ताले यूनियनमाथि लगाएको प्रतिबन्ध र त्यस पछिका दमनबाट पाठ सिक्दै,

२०३५/३६ सालको ऐतिहासिक आन्दोलनबाट नेपाली ट्रेड यूनियन आन्दोलनको दोस्रो संस्करणको रूपमा नेपाल स्वतन्त्र मजदुर यूनियन र क्रमश: अन्य क्षेत्रमा समेत यूनियन स्थापना गरी ट्रेड यूनियनहरूको आपसी एकतामा मात्र मजदुर तथा आम श्रमजीवी वर्गको उन्नति हुने र वर्गीय प्रतिद्वन्द्वीहरूसँग सक्षमतापूर्वक प्रतिस्पर्धा गर्न सकिने कुरामा विश्वस्त भई,

तत्कालीन समयमा संघर्षरत मूलत: चारवटा राष्ट्रिय ट्रेड यूनियनहरू र आधा दर्जन भन्दा बढी स्थानीय तहमा क्रियाशील यूनियनहरू मिली सन् १९८९ जुलाई २० (२०४६ श्रावण ५ गते) का दिन नेपाल ट्रेड यूनियन महासंघ (General Federation of Nepalese Trade Unions–GEFONT) को भूमिगतरूपमा स्थापना भएको गौरवमय क्षणलाई स्मरण गर्दै,

२०४६ सालको जन आन्दोलनबाट निरंकुश पंचायती व्यवस्थाको अन्त्य भई स्थापित प्रतिस्पर्धामा आधारित बहुलवादी खुला वातावरणमा ट्रेड यूनियन आन्दोलनलाई कानुन सम्मत ढंगले संस्थागत गर्दै र २०६२/२०६३ सालको ऐतिहासिक जन आन्दोलनबाट प्राप्त उपलब्धिको रूपमा रहेको संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासमा सक्रिय सहभागी हुँदै,

आर्थिक शोषणका सबै रूपहरूलाई समाप्त पारी वर्गीय रूपमा समतामूलक राज्य प्रणाली स्थापना गर्न र वर्ग आधारित लैङ्गिक, जातीय र क्षेत्रीय समावेशीकरणको

माध्यमबाट सामाजिक उत्पीडनका सबै रूपलाई अन्त्य गरी भेदभाव मुक्त समाज स्थापना गर्न,

उचित श्रम अभ्यास तथा संगठन स्वतन्त्रतालाई श्रमिकहरूको मौलिक हकको रूपमा स्थापित गरी नीति निर्माणमा मजदुर तथा श्रमजीवी वर्गको पहुँच स्थापित गर्न राज्यका सबै तहमा श्रमिक प्रतिनिधित्व सुनिश्चतताका लागि,

नेपाली मजदुर तथा श्रमजीवीहरू बीचको एकतालाई सुदृढ बनाई त्यसको नेतृत्व गर्न सक्षम ट्रेड यूनियन आन्दोलनलाई अगाडि बढाउन "समाजवाद र श्रमजीवी वर्गको सम्मानित, समृद्ध र सिर्जनशील जीवन" को लक्ष्य प्राप्तिको लागि,

नेपाली ट्रेड यूनियन आन्दोलनको मूलधारको रूपमा स्थापित स्वतन्त्र, संघर्षशील, सदस्य आधारित ट्रेड यूनियन केन्द्र - नेपाल ट्रेड यूनियन महासंघको विधानलाई नेपालको संविधानले संघिय संरचनामा मुलुकलाई लैजान गरेको व्यवस्थालाई कार्यान्वयन गर्ने क्रममा समसामयिक परिमार्जन गर्न आवश्यक भएकोले नेपाल ट्रेड यूनियन महासंघको विधान-२०४६ मा सातौं राष्ट्रिय महाधिवेशनबाट समसामयिक संशोधन सहित तत्काल लागू हुने गरी जारी गरिएको छ ।

## भाग-१
## प्रारम्भिक

**धारा–१ संक्षिप्त नाम**

यस महासंघको नाम नेपाल ट्रेड यूनियन महासंघ रहने छ । अंग्रेजीमा General Federation of Nepalese Trade Unions भनिने छ । छोटकारी नाम नेपालीमा महासंघ र अंग्रेजीमा GEFONT हुनेछ ।

**धारा – २ प्रारम्भ**

यो विधान नेपाल ट्रेड यूनियन महासंघको राष्ट्रिय महाधिवेशनबाट पारित भएपछि तत्काल लागू हुनेछ ।

**धारा-३ ट्रेड यूनियन महासंघ हुने**

यो महासंघ नेपालका उद्योग, सेवा र कृषि लगायतका औपचारिक तथा अनौपचारिक क्षेत्रमा क्रियाशील ट्रेड यूनियन संघहरूको साझा ट्रेड यूनियन महासंघ हुनेछ ।

**धारा-४ झण्डा एवं प्रतीक चिन्ह**

१. महासंघको झण्डा तल्लो भागमा निलो किनारा रहेको रातो पृष्ठभूमिको बीचमा नौ वटा दाँती रहेको, दाँतीभित्र विश्वको चिन्हको बीचमा अंग्रेजी अक्षर GEFONT लेखिएको लम्बाई चौडाई ३:२ आकारको अनुसूची १ बमोजिम हुनेछ । तल्लो किनारामा रहेको निलो र माथिल्लो भागको रातो पृष्ठभूमिलाई बीचमा सेतो रंगले छुट्याइएको हुने छ ।

२. महासंघको प्रतीक चिन्ह अनुसूची २ बमोजिम हुनेछ ।

**धारा-५ संगठित संस्था हुने**

१. यो महासंघ अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ ।

२. महासंघको काम कार्वाहीका लागि यसको आफ्नै छुट्टै छाप हुनेछ ।

३. महासंघले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

४. महासंघले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुरी गर्न सक्नेछ । र, महासंघ उपर पनि सोही नामबाट नालिस उजुरी गर्न सक्नेछ ।

## भाग-२

## परिभाषा

**धारा-६ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा**

१. "मजदुर वा श्रमिक" भन्नाले मानसिक वा शारीरिक श्रम गरे बापत पारिश्रमिक प्राप्त गर्ने सबै ज्याला आर्जकहरूलाई सम्झनु पर्दछ । सो शब्दले आफै काममा संलग्न हुने स्वरोजगारलाई समेत सम्झनु पर्दछ ।

२. "ट्रेड यूनियन" भन्नाले प्रतिष्ठान स्तरको ट्रेड यूनियन, ट्रेड यूनियन संघ एवं ट्रेड यूनियन महासंघ समेतलाई सम्झनु पर्दछ ।

३. "सदस्य यूनियन" भन्नाले यस विधान बमोजिम यस महासंघको सदस्यता प्राप्त सम्बद्ध र संलग्न ट्रेड यूनियन संघ सम्झनु पर्दछ ।

४. "मातहत कमिटी" भन्नाले आफू अन्तर्गत आफ्नो भन्दा कम क्षेत्राधिकार भएको कमिटी सम्झनु पर्दछ । र सो शब्दले महासंघ अन्तर्गतका विभाग, कमिटी, आयोग र सदस्य यूनियन समेतलाई सम्झनु पर्दछ ।

५. 'सम्बद्ध सदस्य यूनियन" भन्नाले पञ्जिकाधिकारीको कार्यालयमा दर्ता भएका महासंघको सदस्यता प्राप्त ट्रेड यूनियन संघहरूलाई सम्झनु पर्दछ ।

६. 'संलग्न सदस्य यूनियन" भन्नाले पञ्जिकाधिकारीको कार्यालयमा दर्ता नभएका महासंघको सदस्यता प्राप्त ट्रेड यूनियन संघहरूलाई सम्झनु पर्दछ ।

७. "तोके वा तोकिए बमोजिम" भन्नाले यस महासंघको राष्ट्रिय कमिटीले तोके वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

## भाग-३
## उद्देश्य

**धारा-७ यो महासंघ स्थापनाको उद्देश्य देहाय बमोजिम रहेको छ –**

यो महासंघ आम श्रमजीवी वर्गको हक, हित र अधिकारको लागि क्रियाशील रहने गरी तथा पूर्णरूपमा मूनाफा रहित उद्देश्यले स्थापना गरिएको छ । प्रचलित ट्रेड यूनियन ऐनमा उल्लिखित उद्देश्यहरूका अतिरिक्त यस महासंघको उद्देश्य देहाय बमोजिम हुनेछन् :

१. मजदुर तथा आम श्रमजीवी वर्गलाई आफ्नो अधिकार र कर्तव्यप्रति सचेत गराउने र एकीकृत ट्रेड यूनियन आन्दोलन सुदृढ गर्ने ।

२. श्रम क्षेत्रसँग सम्बन्धित विभिन्न पक्षको खोज अनुसन्धान गर्ने एवं श्रमिक माथिको सामाजिक उत्पीडन र आर्थिक शोषणका तथ्यहरू सार्वजनिक गर्ने ।

३. मजदुर तथा आम श्रमिकहरूको बौद्धिक स्तर विकास गर्न ट्रेड यूनियन तथा श्रमिक शिक्षा लगायत विभिन्न रचनात्मक कार्यक्रम सञ्चालन गर्ने ।

४. सामन्ती उत्पादन सम्बन्धको अन्त्य गर्ने र पुँजीवादी शोषणका विरोधमा मजदुर तथा श्रमिकहरूको संघर्ष सञ्चालन गर्ने ।

५. मजदुर तथा आम श्रमिकहरूको अवस्थामा सुधार गरी तिनको आर्थिक र सामाजिक उन्नतिको लागि कार्यरत रहने ।

६. मजदुर तथा श्रमिकहरूको हक हितको संरक्षण र संवर्धन गर्ने सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानिय सरकार तथा रोजगारदातासँग वार्ता गर्ने र वार्ताबाट समस्या समाधान नभएमा हड्ताल लगायत विभिन्न दबाबमूलक उपायहरू समेत अपनाउने ।

७. पुँजीको विश्वव्यापीकरणको विरुद्ध मजदुर तथा श्रमजीवीवर्गको राष्ट्रिय तथा अन्तरराष्ट्रिय ऐक्यबद्धताको लागि क्रियाशील रहने ।

८. सदस्य यूनियनको विधानले दिएको अधिकार प्रयोग गरी त्यस्ता ट्रेड यूनियनलाई आवश्यक नीति-निर्देशन जारी गर्ने र नियमित गर्ने ।

९. सामाजिक आन्दोलनमा मजदुर तथा श्रमजीवीवर्गको भूमिका प्रभावकारी बनाउने ।

१०. समाजमा विद्यमान वर्गीय, जातीय, लिंगीय र क्षेत्रीय लगायतका सामाजिक विभेद र कुसंस्कार विरुद्ध क्रियाशील रहने ।

११. प्रतिस्पर्धामा आधारित बहुलवाद, संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासमा सहयोग गर्ने ।

१२. यो विधानको विभिन्न धाराहरूमा उल्लिखित कार्य गर्ने तथा गराउने ।

भाग-४

## सदस्यता

### धारा–८ सदस्यता प्राप्ति

१. यस महासंघको विधान तथा कार्यक्रमलाई मान्ने मान्यता प्राप्त ट्रेड यूनियन संघ यस महासंघको सदस्य हुनेछ ।

२. उपधारा १ बमोजिम सदस्यता लिन चाहने ट्रेड यूनियन संघले महासंघको राष्ट्रिय कमिटी समक्ष निवेदन दिनु पर्नेछ ।

३. उपधारा २ बमोजिम निवेदन प्राप्त भएपछि सदस्यता दिने वा नदिने भन्ने निर्णय गर्ने अधिकार राष्ट्रिय कमिटीमा निहित रहनेछ ।

४. यस धारा बमोजिम सदस्यता प्राप्त सदस्यलाई सम्बद्ध यूनियन भनिनेछ ।

५. सदस्य यूनियनहरूले प्रत्येक ४/४ वर्षमा सदस्यता नवीकरण गर्नु पर्नेछ । र, यसरी नवीकरण गर्दा ट्रेड युनियन संघ नवीकरणको प्रमाणपत्र पेस गर्नु पर्नेछ ।

### धारा–९ सदस्यता सम्बन्धी विशेष व्यवस्था

१. महासंघको राष्ट्रिय कमिटीले आवश्यक ठानेमा नेपाली मजदुर तथा श्रमजीवी वर्गको हक-हितप्रति प्रतिबद्ध एवं ट्रेड यूनियनको सांगठनिक गतिविधिमा क्रियाशील व्यक्तित्वलाई प्रतिष्ठान स्तरको ट्रेड यूनियनको सदस्य सरहको सदस्यता प्रदान गर्न सक्नेछ ।

२. महासंघको राष्ट्रिय कमिटीले आवश्यक ठानेमा महासंघलाई सहयोग गर्ने कुनै स्वदेशी वा विदेशी व्यक्तित्वलाई मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

३. महासंघको विधान तथा कार्यक्रमलाई मान्ने तर ट्रेड यूनियन संघको रूपमा दर्ता भइनसकेका ट्रेड यूनियन संघलाई राष्ट्रिय कमिटीले संलग्न सदस्य यूनियनको सदस्यता दिन सक्नेछ । यस्ता संघको स्तर, महासंघसँगको अन्तरसम्बन्धको सञ्चालन र महासंघमा प्रतिनिधित्व सम्बन्धी व्यवस्था राष्ट्रिय कमिटीले निर्धारण गरे बमोजिम हुनेछ ।

**धारा–१० सदस्यता समाप्ति**

१. देहायको अवस्थामा सदस्य यूनियनको सदस्यता समाप्ति हुनेछ -

क. सम्बन्धित सदस्य यूनियनको राष्ट्रिय अधिवेशनको २/३ बहुमतले सदस्यताबाट हट्ने गरी गरेको निर्णय महासंघको राष्ट्रिय कमिटी समक्ष जानकारी दिएमा ।

ख. सदस्य यूनियनले अर्को ट्रेड यूनियन महासंघको सदस्यता लिएमा ।

ग. महासंघको राष्ट्रिय कमिटीले सदस्यताबाट हटाउने निर्णय गरेमा ।

घ. सदस्य यूनियन विघटन भएमा ।

२. धारा ९ बमोजिम सदस्यता प्राप्त व्यक्तित्वलाई राष्ट्रिय कमिटीले यस विधानका अन्य धारामा उल्लिखित प्रावधानका अधीनमा रही सदस्यताबाट हटाउन सक्नेछ ।

३. व्यक्तिगत सदस्यको राजिनामा स्वीकृत भएका वा धारा १०(२) अनुसार सदस्यताबाट हटाइएमा त्यस्ता सदस्यको सदस्यता समाप्ति भएको मानिनेछ ।

**धारा–११ सदस्यता शुल्क**

१. सम्बद्ध र संलग्न सदस्य यूनियनहरूले निम्न बमोजिम सदस्यता शुल्क बुझाउनु पर्नेछ ।

क. प्रवेश शुल्क : रु. १०००/-

ख. सदस्यता शुल्क : सदस्य यूनियनको सदस्य संख्याको आधारमा प्रतिसदस्य औद्योगिक श्रमिकलाई तोकिएको न्यूनतम पारिश्रमिकको एक प्रतिशतको दरले महासंघलाई शुल्क तिर्नु पर्नेछ । राष्ट्रिय कमिटीले विशेष कारण उल्लेख गरी छुट दिएको अवस्थामा बाहेक शुल्क तिरेको आधारमा सदस्यता संख्या कायम गरिनेछ ।

ग. सदस्यता शुल्कको निर्धारण गर्दा प्रत्येक वर्षको श्रावण १ गतेको दिन कायम रहेको न्यूनतम पारिश्रमिकलाई आधार मानिनेछ ।

भाग-५

# संगठनात्मक सिद्धान्त र ढाँचा

**धारा-१२ संगठनात्मक सिद्धान्त**

१. यो महासंघ पूर्ण लोकतान्त्रिक सिद्धान्तमा आधारित हुनेछ ।

२. महासंघका सदस्यहरू समान हुनेछन् र उनीहरूलाई यस विधानको अधीनमा रही आफ्नो भनाइ राख्ने र चुन्ने र चुनिने अधिकार हुनेछ ।

**धारा-१३ महासंघको संगठनात्मक ढाँचा देहाय बमोजिम हुनेछ –**

१. राष्ट्रिय महाधिवेशन

२. महाधिवेशन प्रतिनिधि परिषद

३. राष्ट्रिय कमिटी

४. प्रदेश कमिटी/सदस्य यूनियन

५. पालिका कमिटी (गाउँ वा नगर कमिटी)

यस बाहेक यस विधान बमोजिमका केन्द्रीय संरचनाहरू, राष्ट्रिय कमिटीको अधिनस्त महिला कमिटी, युवा कमिटी, सचिवालय, विषयगत कमिटीहरू, विभागहरू, आयोग रहनेछ । यसरी नै प्रदेश कमिटीले आफू मातहतमा पालिकाहरूलाई समन्वय गर्ने गरी कमिटी बनाउन र आवश्यक भएमा अन्य कमिटी गठन र सञ्चालन गर्न सक्नेछन् ।

भाग-६

# महाधिवेशन तथा बैठक

**धारा-१४ राष्ट्रिय महाधिवेशन**

१. नेपाल ट्रेड यूनियन महासंघको सर्वोच्च नेतृत्वदायी संस्था राष्ट्रिय महाधिवेशन हुनेछ ।

२ राष्ट्रिय महाधिवेशन प्रत्येक ४/४ वर्षमा हुनेछ । विशेष अवस्थामा महाधिवेशन प्रतिनिधि परिषदको सदस्यहरूको बहुमतले माग गरेमा राष्ट्रिय कमिटीले महाधिवेशन निर्धारित समयभन्दा चाँडो बोलाउन सक्नेछ ।

**धारा-१५ राष्ट्रिय महाधिवेशनमा प्रतिनिधिहरूको व्यवस्था**

१. राष्ट्रिय कमिटी, महाधिवेशन प्रतिनिधि परिषदका प्रमुख र उपप्रमुख, केन्द्रीय अनुशासन निरीक्षण आयोगका प्रमुख र सदस्यहरू, जिफन्ट ट्रेड युनियन पोलिसि इन्स्टिच्युटका अध्यक्ष तथा कार्यकारी निर्देशक, केन्द्रीय लेखा कमिटीका प्रमुख र सदस्यहरू, वरिष्ठ यूनियनकर्मी संजालका अध्यक्ष तथा सदस्यहरू र विपद व्यवस्थापन कमिटीका प्रमुख तथा केन्द्रीय सदस्यहरू, संसदीय तथा स्थानीय तह संयोजन समितिका अध्यक्ष र सदस्यहरू महाधिवेशनका आयोजक हुनेछन् । आयोजकहरू पदेन प्रतिनिधि हुनेछन् ।

२. महासंघलाई शुल्क तिर्ने सदस्य संख्याको आधारमा प्रत्येक सदस्य यूनियन र प्रदेशभित्रका पालिकाहरूबाट निर्वाचनको माध्यमबाट महाधिवेशनमा प्रतिनिधित्वको व्यवस्था गरिनेछ । राष्ट्रिय महाधिवेशन भन्दा तीन महिना अगाडि राष्ट्रिय कमिटीले महाधिवेशनमा निर्वाचित हुने प्रतिनिधि संख्या निर्धारण गर्नेछ ।

स्पष्टिकरण : राष्ट्रिय कमिटीले प्रतिनिधि छनौट सम्बन्धमा निर्णय गर्दा निम्न कुराको पालना गर्नु पर्नेछ :

क. प्रत्येक सदस्य यूनियन र प्रदेशबाट कम्तीमा पाँच जना र अन्य विभाग तथा कमिटीबाट कम्तीमा एक जना रहने गरी तोकिनेछ ।
ख. एक तिहाई महिला हुने व्यवस्था मिलाइनेछ ।
ग. प्रतिनिधिहरूको छनौट निर्वाचनबाटै हुने व्यवस्था गरिनेछ ।

३ राष्ट्रिय कमिटीले मनोनित गरेका बढीमा २५ जना ।

४. विदेश स्थित नेपाली श्रमिकहरूको जिफन्ट सहयोग समितिबाट कम्तीमा १/१ जना शुल्क तिर्ने सदस्य संख्याको आधारमा राष्ट्रिय कमिटीले तोके बमोजिमको संख्याका प्रतिनिधिहरू ।

५. पर्यवेक्षकको संख्या र त्यसको छनौट प्रक्रिया राष्ट्रिय कमिटीले महाधिवेशन हुनुभन्दा ३ महिना अगाडि निर्धारण गरे अनुसार हुनेछ ।

**धारा–१६ राष्ट्रिय महाधिवेशनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ**

१. राष्ट्रिय महाधिवेशन पश्चात राष्ट्रिय कमिटी एवं महाधिवेशन प्रतिनिधि परिषदद्वारा भएका काम कार्वाही सिंहावलोकन गर्ने ।
२. महासंघको नीति एवं कार्यदिशा निर्धारण गर्ने ।
३. महासंघको लक्ष्य, उद्देश्य र कार्यक्रम तर्जुमा गर्ने ।
४. महासंघको विधानमा सामयिक संशोधन, परिमार्जन र परिवर्तन गर्ने ।
५. महासंघको लेखा परीक्षक तोक्ने, लेखा परीक्षण जाँच गर्ने र निर्देशन दिने ।
६. राष्ट्रिय कमिटी पदाधिकारी तथा सदस्यको निर्वाचन गर्ने ।
७. यस विधानका अन्य धारामा महाधिवेशनले गर्ने भनेका कार्य गर्ने ।

**धारा–१७ संरक्षक घोषणा गर्न सक्ने**

१. महाधिवेशनले जिफन्टको स्थापना, सञ्चालनमा योगदान गरेका नेतामध्ये कुनै नेतालाई संरक्षक घोषणा गर्न सक्नेछ । संरक्षकलाई राष्ट्रिय कमिटीको बैठक, महाधिवेशन प्रतिनिधि परिषदको बैठक, राष्ट्रिय महाधिवेशन तथा महासंघको महत्वपूर्ण कार्यक्रमहरूमा सहभागी हुने र आवश्यक निर्देशन दिने अधिकार हुनेछ ।
२. महासंघभित्र कुनै कारणले कुनै विषयमा समस्या उत्पन्न भएमा त्यसलाई समाधान गर्ने विशेष अधिकार संरक्षकमा हुनेछ ।

**धारा–१८ महाधिवेशन प्रतिनिधि परिषदको गठन**

१. राष्ट्रिय कमिटी, महाधिवेशन प्रतिनिधि परिषदका प्रमुख र उपप्रमुख, केन्द्रीय अनुशासन निरीक्षण आयोगका प्रमुख, जिफन्ट ट्रेड युनियन पोलिसि इन्स्टिच्युटका अध्यक्ष तथा कार्यकारी निर्देशक, केन्द्रीय लेखा कमिटीका प्रमुख, वरिष्ठ यूनियनकर्मी संजालका अध्यक्ष र सचिव र विपद व्यवस्थापन कमिटीका प्रमुख परिषदको पदेन सदस्य हुनेछन् ।

२. उपधारा (१) मा उल्लेख गरिए बाहेक राष्ट्रिय महाधिवेशनमा उपस्थित प्रतिनिधिहरूबाट प्रत्येक तीन जना बराबर एक जनालाई परिषदको पूर्ण सदस्यको रूपमा, एक जनालाई निज अनुपस्थित भएमा सहभागी हुने गरी पहिलो वैकल्पिक सदस्यको रूपमा र तेस्रो प्रतिनिधिलाई दुबै जना उपस्थित नभएमा सहभागी हुने दोस्रो वैकल्पिक सदस्यको रूपमा निर्वाचित गरिनेछ। यसो गर्दा सम्बन्धित यूनियनबाट र प्रदेशबाट समानुपातिकरूपमा परिषद सदस्य निर्वाचन गरिनेछ। यसरी निर्वाचन गर्दा तीन बराबर एकको अनुपातबाट निर्धारित संख्या बाहेक बाँकी संख्या र विशेष क्षेत्रका प्रतिनिधिबाट समेत सोही अनुपातमा राष्ट्रिय परिषद सदस्यको छनौट गर्ने व्यवस्था गरिनेछ। यस्तो छनौट कार्य महाधिवेशन समाप्त भएको मितिले तिन महिनाभित्र गरी सक्नु पर्नेछ।

३. परिषदको कार्यकाल अर्को महाधिवेशनको लागि प्रतिनिधि निर्वाचित नभएसम्म कायम रहनेछ।

४. परिषदको बैठक वर्षमा एक पटक बस्नेछ।

५. राष्ट्रिय कमिटीको निवर्तमान पदाधिकारी मध्येबाट महाधिवेशनले परिषदको प्रमुख र उपप्रमुख मनोनयन गर्न सक्नेछ। र, एकभन्दा बढी पदाधिकारी निवर्तमान भएको अवस्थामा उपप्रमुखको व्यवस्था राष्ट्रिय कमिटीले तोके बमोजिम हुनेछ।

### धारा-१९ महाधिवेशन प्रतिनिधि परिषदको काम, कर्तव्य र अधिकार

१. महाधिवेशनबाट पारित नीति तथा कार्यक्रमलाई राष्ट्रिय कमिटीले पालना गरे नगरेको मूल्यांकन गर्ने।

२. राष्ट्रिय कमिटीले महाधिवेशनद्वारा पारित नीति, सिद्धान्त, कार्यक्रम वा विधान विपरीत काम गरेमा आवश्यक नियन्त्रण गर्ने, यसका लागि परिषदले राष्ट्रिय कमिटीका कुनै पनि सदस्यलाई बर्खास्त गर्न, पद परिवर्तन गर्ने वा राष्ट्रिय कमिटी भंग गरी नयां राष्ट्रिय कमिटी निर्माण गर्न समेत सक्नेछ।

३. यस विधानका अन्य धाराहरूमा परिषद्‌ले गर्ने भनेका कार्य गर्नेछ।

**धारा-२० राष्ट्रिय कमिटी**

१. राष्ट्रिय कमिटीको गठन देहाय वमोजिम हुने छ :

१. अध्यक्ष-१
२. उपाध्यक्ष, विदेश मामिला-१
३. उपाध्यक्ष, योजना समन्वय तथा व्यवस्थापन-१
४. उपाध्यक्ष, केन्द्रीय श्रम सम्बन्ध परिषद संयोजक-१
५. उपाध्यक्ष, जिफन्ट महिला कमिटी अध्यक्ष-१
६. उपाध्यक्ष, ट्रेड युनियन शिक्षा -१
७. उपाध्यक्ष, प्रचार तथा प्रकाशन-१
८. उपाध्यक्ष, आर्थिक प्रशासन -१
९. उपाध्यक्ष, समाजिक सुरक्षा तथा श्रमिक सहकारी प्रवर्धन-१
१०. महासचिव-१
११. उपमहासचिव- २ जना (एक जना महिला कमिटीको उपाध्यक्ष र एक जना खुला रहने)
१२. सचिव, ट्रेड युनियन शिक्षा तथा श्रम अडिट-१
१३. सचिव, आर्थिक विभाग-१
१४. सचिव, श्रम सम्बन्ध परिषद -१
१५. सचिव, विदेश विभाग-१
१६. सचिव, जिफन्ट महिला कमिटी सचिव-१
१७. प्रदेश कमिटीका अध्यक्षहरू -७ जना
१८. सदस्य युनियनको सदस्य संख्याको आधारमा सदस्य युनियनको अध्यक्षमध्येबाट ६ वटा धेरै सदस्य रहेका युनियनहरूको अध्यक्षहरू पदेन राष्ट्रिय कमिटी सदस्य रहने छन् । बाँकी युनियन मध्येबाट ६ वटा युनियनबाट पूर्ण र बाँकी पदेन वैकल्पिक राष्ट्रिय कमिटी सदस्य हुने व्यवस्था गरिनेछ । तर, कुनै युनियनको अध्यक्षहरू पदेन रुपमा राष्ट्रिय कमिटीमा निर्वाचित भएमा सोही युनियनबाट पुन: अर्को व्यक्ति निर्वाचित गरिने छैन ।
१९. जिफन्ट महिला कमिटीका पदाधिकारी तथा सदस्यहरू समेत -१७ जना
२०. जिफन्ट युवा कमिटीको अध्यक्ष -१

२. उपधारा (१) बमोजिम निर्वाचित हुने सदस्य युनियनको अध्यक्षहरूले महासंघको पदाधिकारी वा सचिवालयमा पदमा उमेद्‌वार दिन पाउने छैनन् । र, प्रदेशको हाल कायम भएको अध्यक्ष अन्य पदमा निर्वाचित भएमा सो पदमा महाधिवेशनबाटै अध्यक्ष निर्वाचित गरिनेछ र निजले प्रदेश अधिवेशन नभएसम्म अध्यक्ष भई काम गर्नेछन् ।

३. उपाध्यक्षहरूमध्ये सात जनाले राष्ट्रिय कमिटीले तोकेको कुनै प्रदेशको इन्चार्ज भई काम गर्नु पर्नेछ, तर एक जना उपाध्यक्षलाई कार्यकारी जिम्मेवारी सहित सबै प्रदेश इन्चार्जको समन्वयको जिम्मेवारी दिन सक्नेछ ।

४. राष्ट्रिय कमिटी बैठकमा महाधिवेशन प्रतिनिधि परिषदको प्रमुख तथा उपप्रमुख, अनुशासन निरीक्षण आयोगको प्रमुख तथा अन्य संरचनाको प्रमुखलाई आमन्त्रण गर्न सकिनेछ । तर उनीहरूलाई बैठकमा मतदान गर्ने अधिकार हुने छैन ।

**धारा–२१ राष्ट्रिय कमिटीको काम, कर्तव्य र अधिकार**

राष्ट्रिय कमिटीले देहायको काम, कर्तव्य र अधिकारको प्रयोग गर्नेछ :

१. दुई महाधिवेशन प्रतिनिधि परिषदको बैठक बीचमा यूनियनको नेतृत्व गर्नेछ ।

२. राष्ट्रिय महाधिवेशनले पारित गरेको विधानको अधीनमा रही पारित कार्यक्रमलाई लागू गर्ने ।

३. महाधिवेशन प्रतिनिधि परिषदको निर्णय कार्यान्वयन गर्ने ।

४. सदस्य यूनियनहरूलाई नेतृत्व प्रदान गर्ने ।

५. महाधिवेशनले पारित गरेको विधानको अधीनमा रही महासंघको लक्ष्य, उद्देश्य र कार्यक्रम अनुरूप कार्ययोजना तय गर्ने, कार्यान्वयन गर्ने तथा आवश्यकता अनुसार संरचनाको सृजना गर्ने र त्यस्तो स्थानमा उपयुक्त व्यक्तिको मनोनयन गर्ने ।

६. केन्द्रीय संरचनाहरू, विभाग, आयोग, विषयगत कमिटी र प्रदेश कमिटी सञ्चालन गर्ने ।

७. कुनै ट्रेड यूनियन संघलाई सदस्य यूनियनको मान्यता दिने सम्बन्धमा आवश्यक मापदण्ड निर्धारित गर्ने ।

८. तोकिएका विभाग, विभिन्न अयोग तथा कमिटीहरू गठन गर्ने तथा त्यसको काम, कर्तव्य र अधिकार तोकिदिने ।

९. तोकिएको काम गर्न असक्षम देखिएमा वा अधिवेशन नभई कार्याविधि पूरा भएमा कुनै पनि मातहत कमिटी पुनर्गठन गर्ने वा निलम्वन गर्ने वा अन्य उपयुक्त संरचना बनाई क्रियाशील तुल्याउने ।

१०. यस विधानमा राष्ट्रिय कमिटीले गर्ने भनी उल्लेख गरेका अन्य कार्य गर्ने ।

११. यस विधानमा महासंघले गर्ने भनिएको काम, कर्तव्य, अधिकारको प्रयोग सम्वन्धमा अन्यथा व्यवस्था भएकोमा बाहेक राष्ट्रिय कमिटी स्वयंले वा राष्ट्रिय कमिटीले तोकिदिए बमोजिम प्रयोग हुनेछ ।

१२. राष्ट्रिय महाधिवेशन सम्पन्न भएको अवस्थामा महाधिवेशनबाट गरिनु पर्ने मनोनयन आदि कार्य महाधिवेशन प्रतिनिधिपरिषदबाट अनुमोदन हुने गरी राष्ट्रिय कमिटीबाट हुनेछ ।

## धारा–२२ वरिष्ठ यूनियनकर्मी संजाल

१. महाधिवेशनले वरिष्ठ यूनियनकर्मी संजालको अध्यक्ष, सचिव र सदस्यहरूको मनोनयन गर्नेछ ।

२. उपधारा (१) को व्यवस्थाले संजालको सदस्यहरू राष्ट्रिय कमिटीले थप गर्न सक्ने अधिकारलाई रोक लगाएको मानिने छैन ।

३. कमिटीको बैठक आवश्यकता अनुसार बस्नेछ । र, बैठकको कार्यविधि आफै तय गरे बमोजिम हुनेछ ।

४. कमिटीले देहायको काम गर्ने छ :

   क. वरिष्ठ यूनियनकर्मीहरूको पहिचान गर्ने र सम्मान गर्ने ।
   ख. सामुदायिक क्लबको समन्वय र अनुगमन गर्ने ।

**धारा–२३ पदाधिकारी कमिटी**

१. महासंघको कार्य सम्पादनको लागि अध्यक्ष, उपाध्यक्षहरू तथा महासचिव समेत संलग्न रहेको पदाधिकारी कमिटी रहनेछ ।

२. पदाधिकारी कमिटीका सदस्यहरू राष्ट्रिय कमिटीप्रति उत्तरदायी हुनेछन् ।

३. कमिटीको बैठक सामान्यतया प्रत्येक महिना र सो भन्दा छिटो समेत बस्नेछ ।

४. कमिटीले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

**धारा–२४ सचिवालय**

१. महासंघको दैनिक कार्य सञ्चालन गर्नका लागि महासचिवको अध्यक्षतामा उपमहासचिवहरू, सचिवहरू, रहेको सचिवालयको गठन गरिनेछ ।

२. सचिवालयका सदस्यहरू राष्ट्रिय कमिटीप्रति उत्तरदायी हुनेछन् ।

३. सचिवालयको बैठक सामान्यतया प्रत्येक डेढ महिनामा र आवश्यकता अनुसार सोभन्दा छिटो पनि बस्न सक्नेछ ।

४. सचिवालयको बैठकमा आवश्यकता अनुसार अध्यक्ष तथा अन्य पदाधिकारीहरूलाई आमन्त्रण गर्न सकिनेछ ।

५. पदाधिकारी कमिटी, सचिवालय, राष्ट्रिय कमिटी तथा अन्य निकायको निर्णय कार्यन्वयन गर्ने गराउने तथा यसको लागि

**धारा–२५ जिफन्ट अनुशासन निरीक्षण आयोग**

१. महाधिवेशनले जिफन्ट अनुशासन निरीक्षण आयोग बनाउन सक्नेछ र यसमा प्रमुख र अन्य दुई जना सदस्य रहन सक्नेछन् ।

२. आयोगले महासंघका कुनै पनि पदाधिकारी, सचिवालय सदस्य वा राष्ट्रिय कमिटी सदस्यले महासंघको नीति विपरीत काम गरेमा वा आर्थिक अनियमितता वा हिनामिनाको काम गरेमा वा महासंघलाई हानी पुग्ने कुनै काम गरेमा वा निस्क्रिय रही पदीय जिम्मेवारी पालना नगरेमा संरक्षकसँग समन्वय गरी त्यस्तो

व्यक्तिलाई तत्काल निलम्वन गर्न र अर्को पदाधिकारीलाई अन्तरिम जिम्मेवारी तोक्न राष्ट्रिय कमिटीलाई निर्देशन दिन सक्नेछ ।

३. उपधारा (२) बमोजिम निर्देशन दिएको तीन महिनाभित्र राष्ट्रिय कमिटीले महाधिवेशन प्रनिनिधि परिषदको बैठक बोलाउनु पर्नेछ

**धारा–२६ जिफन्ट ट्रेड युनियन पोलिसि इन्स्टिच्युट**

१. नीति विश्लेषणको लागि जिफन्ट ट्रेड युनियन पोलिसी इन्स्टिच्युट स्थापना गरिनेछ ।

२. इन्स्टिच्युटमा अध्यक्ष र आवश्यकता अनुसार विज्ञ सदस्यहरू हुनेछन् । र, यसको मनोनयन राष्ट्रिय महाधिवेशनले गर्नेछ । इन्स्टिच्युटले आवश्यकता अनुसार कार्यकारी निर्देशकको नियुक्ति गर्न सक्नेछ ।

३. इन्स्टिच्युटले श्रम र राजनीतिका विभिन्न क्षेत्रमा कार्यरत विज्ञहरूलाई संलग्न गरी समसामयिक नीतिगत विषयमा सामग्रीहरू तयार गरी राष्ट्रिय कमिटीलाई आवश्यक फिडब्याक दिनेछ ।

४. इन्स्टिच्युटको सञ्चालन, यसको कार्य समिति सदस्यको मर्यादा, अधिकार र यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**धारा–२७ जिफन्ट संसदीय तथा स्थानीय तह संयोजन कमिटी**

१. महासंघको जिम्मेवारीमा रही संघिय संसदका सदस्यहरू, प्रदेश सभाका सदस्यहरू तथा स्थानिय तहमा निर्वाचित भएका जनप्रतिनिधिहरूमध्येबाट महाधिवेशनले तोकेको प्रतिनिधिहरू रहेको संसदीय तथा स्थानीय तह संयोजन कमिटी गठन हुनेछ ।

२. कमिटीमा अध्यक्ष र आवश्यकता अनुसार सदस्यहरू रहनेछन् ।

३. कमिटीले स्थानीय तह, प्रदेश र संघिय संसदमा श्रमिकको हित, रोजगारी सृजना र सामाजिक सुरक्षाको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक योजना बनाई लागु गर्नेछ ।

४. यस कमिटीले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ । बैठकको संयोजन गर्ने काम महासंघको अध्यक्ष तथा निजले तोकेको पदाधिकारीले गर्नेछन् ।

**धारा–२८ विपद व्यवस्थापन कमिटी**

१. राष्ट्रिय कमिटीले मुलुकभरको लागि र प्रदेश कमिटीले प्रदेश क्षेत्रभित्रको विपद व्यवस्थापनको कामलाई संयोजन गर्नको लागि सम्बन्धित तहको विपद व्यवस्थापन कमिटी गठन गर्नेछ ।

२. विपद व्यवस्थापन कमिटीले प्राकृतिक प्रकोपबाट समस्यामा परेका आम जनता तथा सदस्यहरूको उद्धार, राहत र पुनः स्थापनाको काम गर्नेछ ।

३. कमिटीलाई उद्धार, राहत र पुनः स्थापनाको लागि महासंघले विपद् कोष गठन गर्नेछ र कोषको रकम महासंघको नीति अनुरुप खर्च गर्ने अधिकार कमिटीमा रहनेछ ।

४. विपद व्यवस्थापन समितिमा अध्यक्ष सहित बढीमा एघार जना र प्रदेश विपद व्यवस्थापन कमिटीमा बढीमा पाँच जनासम्म सदस्य हुनेछन् ।

५. कमिटीले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

**धारा–२९ केन्द्रीय श्रम सम्बन्ध परिषद**

१. महासंघ मातहतमा केन्द्रीय श्रम सम्बन्ध परिषद रहनेछ । परिषदको प्रमुख एक जना उपाध्यक्ष हुनेछन् र श्रम सम्बन्ध सचिव नै यस परिषदको सचिव हुनेछन्।

२. परिषद सदस्यको मनोनयन प्रदेश कमिटीका सचिव र सदस्य युनियनका महासचिव मध्येबाट राष्ट्रिय कमिटीले गर्नेछ । तर राष्ट्रिय कमिटीले सो बाहेक तीन जना सदस्यको मनोनयन गर्न सक्नेछ ।

३. परिषदको बैठक सामान्यतया प्रत्येक ३/३ महिनामा र त्यस भन्दा अगाडि आवश्यकता अनुसार हुनेछ र बैठकको अध्यक्षता उपाध्यक्षले गर्नेछन् ।

६. परिषदले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

**धारा–३० जिफन्ट महिला कमिटी**

१. राष्ट्रिय श्रमिक महिला सम्मेलनबाट पदाधिकारी तथा सदस्य सहित १७ सदस्यीय जिफन्ट महिला कमिटीको निर्वाचन गरिनेछ ।

२. उपधारा-१ बमोजिम निर्वाचन गर्दा सदस्य युनियहरूबाट कम्तीमा ८ जना र प्रत्येक प्रदेशबाट एक/एक जना  निर्वाचन गरिनेछ ।

३. महिला कमिटीको अध्यक्ष जिफन्ट राष्ट्रिय कमिटीको उपाध्यक्ष र महिला कमिटीको सचिव केन्द्रीय सचिवालयको सदस्य हुनेछन् ।

४. राष्ट्रिय श्रमिक महिला सम्मेलनमा प्रत्येक प्रदेश तथा युनियनबाट प्रतिनिधित्व हुने व्यवस्था मिलाइनेछ र प्रतिनिधित्वको आधार राष्ट्रिय कमिटीले निर्धारण गरे बमोजिम हुनेछ ।

५. महिला कमिटीको सञ्चालन सम्मेलनबाट पारित नियमावली बमोजिम हुनेछ । नियमावली राष्ट्रिय कमिटीद्वारा स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

६. महिला कमिटीमा रिक्त भएको पदमा महाधिवेशन वा परिषद बैठकबाट पदपूर्ति गर्न सकिनेछ ।

**धारा–३१ केन्द्रीय लेखा कमिटी**

१. जिफन्टको आन्तरिक लेखापरीक्षण गर्नको लागि केन्द्रीय लेखा कमिटी रहनेछ । कमिटीमा एक जना अध्यक्ष र दुई जना सदस्य रहनेछन् ।

२. लेखा परीक्षण कमिटीले महासंघको तर्फबाट लेखा परीक्षण गरी महाधिवेशनमा प्रतिवेदन प्रस्तुत गर्नेछन् ।

३. अध्यक्ष र सदस्यहरूको नियुक्ति महाधिवेशनबाट हुनेछ ।

**धारा–३२ जिफन्ट युवा कमिटी**

१. जिफन्ट युवा कमिटीमा जम्मा १७ जना सदस्य हुनेछन् ।

२. जिफन्ट वा आबद्ध यूनियनमा संलग्न भएको ३५ वर्ष उमेर ननाघेको व्यक्तिहरू जिफन्ट युवा कमिटीमा आबद्ध हुनेछ ।

३. कमिटीमा एक अध्यक्ष, एक उपाध्यक्ष, एक सचिव, एक सहसचिव हुनेछन् । अध्यक्ष राष्ट्रिय कमिटीको सदस्य हुनेछन् ।

४. कमिटीको बैठक प्रत्येक छ महिनामा हुनेछ ।

५. मातहत तहमा युवा कमिटी गठन र बैठक सम्बन्धी व्यवस्था कमिटी स्वयंले निर्धारण गरे बमोजिम हुनेछ । सदस्य युनियन वा प्रदेश वा पालिका तहका युवा कमिटीको अध्यक्ष जिफन्टको सदस्य युनियन वा प्रदेश वा पालिका कमिटीको बैठकमा आमन्त्रित सदस्य हुनेछन् ।

६. युवा कमिटीले सदस्य युनियन वा प्रदेश वा पालिका तहमा आफ्नो संरचना बिस्तार गरी युवा श्रमिकहरूलाई संगठित गर्ने र क्रियाशील बनाउने कार्य गर्नेछ ।

७. जिफन्ट युवा कमिटीका पदाधिकारीहरू ३५ वर्ष पूरा भएपछि स्वतः पदमुक्त हुनेछन् ।

**धारा-३३ विभागहरू**

१. महासंघको राष्ट्रिय कमिटीले निम्न बमोजिम विभाग गठन गर्नेछ -

  क. ट्रेड यूनियन शिक्षा विभाग
  ख. आर्थिक विभाग
  ग. विदेश विभाग

२. विभागहरूको काम कर्तव्य र अधिकार निम्न अनुसार हुनेछ । राष्ट्रिय कमिटीले विभागले गर्ने काम थप गर्न सक्नेछ ।

  क. ट्रेड यूनियन शिक्षा विभाग :

    १. पाठ्यक्रम र शैक्षिक सामग्री निर्माण गर्ने ।
    २. ट्रेड युनियन स्कुलको सञ्चालन गर्ने, प्रशिक्षक र प्रशिक्षार्थीहरूको व्यवस्थापन गर्ने
    ३. प्रशिक्षण सञ्चालन गर्ने ।

ख. आर्थिक विभाग :

१. महासंघका दैनिक आर्थिक प्रशासन सञ्चालन गर्ने र आर्थिक हरहिसाब दुरुस्त राख्ने
२. विभिन्न परियोजनाको आर्थिक व्यवस्थापन गर्ने
३. महासंघको आर्थिक योजना तर्जुमा गर्ने
४. आय आर्जनका अन्य परियोजना तर्जुमा गर्ने ।

ग. विदेश विभाग :

१. अन्तर्राष्ट्रिय सम्बन्ध बिस्तार, विकास र ऐक्यबद्धता आदानप्रदान गर्ने ।
२. जिफन्ट सहयोग समूह सञ्चालन गर्ने ।
३. प्रवासी श्रमिक सम्बन्धी कार्य सम्पादन गर्ने ।
४. विदेश विभागले विदेशमा कार्यरत नेपालीहरूलाई जिफन्टको विशेष प्रतिनिधिको रूपमा नियुक्त हुन सक्ने व्यक्तिको नाम राष्ट्रिय कमिटीमा पेस गर्नेछ । र, राष्ट्रिय कमिटीले पारित गरेपछि विशेष प्रतिनिधि नियुक्त हुनेछन् ।

३. उपधारा १ मा उल्लेख गरिए बाहेक विभागको काम र क्षेत्राधिकार राष्ट्रिय कमिटीबाट तोकिए बमोजिम हुनेछ ।

४. विभागका सचिवहरूले सम्बन्धित विषय हेर्ने उपाध्यक्षको संयोजनमा रही काम गर्नु पर्नेछ, ।

५. विभाग राष्ट्रिय कमिटीप्रति उत्तरदायी हुनेछ ।

६. विभागहरूको बैठक आवश्यकता अनुसार बस्नेछ ।

७. प्रत्येक विभागमा बढीमा ५ जना सदस्य रहनेछन् ।

**धारा-३४ विषयगत कमिटी तथा आयोग सम्बन्धी व्यवस्था**

१. महासंघको राष्ट्रिय कमिटीले आवश्यकता अनुसार राष्ट्रिय कमिटीका सदस्य वा अन्य व्यक्ति संयोजक बनाई विषयगत कमिटी बनाउन वा तोकिएको विषयमा महासंघको तर्फबाट काम गर्ने गरी प्रमुख व्यक्ति तोक्न सक्नेछ ।

२. तोकिएको विषयको सबै पक्षको बारेमा अध्ययन गरी महासंघको तर्फबाट आधिकारिक धारणा बनाउन, सो विषयमा विभिन्न कार्यक्रममा प्रतिनिधित्व गर्ने गराउने काम त्यस्तो कमिटी वा व्यक्तिको हुनेछ ।

३. राष्ट्रिय कमिटीले आवश्यक ठानेमा विभिन्न आयोगहरू गठन गर्न सक्नेछ । आयोगको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ । आयोगले आफ्नो कार्यविधि आफैं निर्धारण गर्नेछ ।

**धारा-३५ प्रदेश अधिवेशन**

१. महाधिवेशन सम्पन्न भएको एक वर्षभित्र र त्यसपछि प्रत्येक चार चार वर्षमा प्रदेश अधिवेशन हुनेछ ।

२. प्रदेश अधिवेशनमा देहाय बमोजिमका प्रतिनिधिहरू सहभागी हुनेछन् -

   क. प्रदेश कमिटीका पदाधिकारी तथा सदस्यहरू
   ख. सदस्य युनियनको केन्द्रीय कमिटीमा भई सम्बन्धित प्रदेशमा कार्यक्षेत्र भएका व्यक्तिहरू तथा सदस्य युनियनको प्रदेश कमिटीको अध्यक्षहरू,
   ग. प्रदेश कमिटीले तोकेको अनुपातमा निर्वाचित प्रतिनिधिहरू
   घ. जिफन्टको सातौं महाधिवेशन पछि हुने पहिलो अधिवेशनमा जिफन्टको सातौं महाधिवेशनका बखत सम्बन्धित प्रदेशभित्रका विभिन्न कार्यस्थलका जिफन्ट प्रतिनिधिहरू पदेन प्रतिनिधि हुनेछन् ।

३. अधिवेशनमा कुल प्रतिनिधि संख्याको एक तिहाई महिलाको प्रतिनिधित्वको व्यवस्था मिलाउनु पर्नेछ ।

**धारा–३६ प्रदेश कमिटी**

१. प्रत्येक प्रदेशमा एउटा प्रदेश कमिटी हुनेछ ।

२. प्रदेश अधिवेशनबाट प्रदेश कमिटीको गठन हुनेछ । तर, प्रदेश अधिवेशन नभएसम्म राष्ट्रिय कमिटीबाट गठन भएको प्रदेश कमिटीले नै काम गर्नेछ । विद्यमान प्रदेश कमिटीको अध्यक्ष जिफन्टको अन्य पदमा निर्वाचित भएमा महाधिवेशनबाट प्रदेश सम्मेलन नभएसम्म अध्यक्ष पदमा अन्य व्यक्ति निर्वाचित गर्न बाधा पुग्नेछैन ।

३. प्रदेश कमिटीमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र सदस्य गरी २१ जनासम्म रहनेछन् । जसमा एक तिहाई महिला रहनेछन् । प्रदेश कमिटीको बैठकमा प्रदेश इन्चार्जलाई अनिवार्य आमन्त्रण गर्नु पर्नेछ ।

४. प्रदेश कमिटीले प्रदेशभित्रका पालिका तह, अन्य कमिटी तथा त्यहाँका युनियनहरूको कामको संयोजन गर्नेछ र आवश्यक भएमा पालिका कमिटीहरूको अध्यक्ष रहेको पालिकाहरूको संयोजन समिति गठन गर्न सक्नेछ ।

५. प्रदेश कमिटीले महासंघबाट पारित नीति तथा कार्यक्रम अनुरुप प्रदेश सरकार, प्रदेश संसद तथा पालिकाको कार्यपालिका तथा व्यवस्थापिकासँग समन्वय गरी श्रमिकको हक तथा हितको लागि आवश्यक कार्य गर्न सक्नेछ ।

६. प्रदेश कमिटीले आवश्यकता अनुसार श्रम सम्बन्ध परिषद, विभागहरू, तथा अन्य कमिटी गठन गर्नेछ ।

**धारा–३७ पालिका अधिवेशन**

१. गाउँ तथा नगर पालिका अधिवेशन प्रत्येक दुई वर्षमा हुनेछ । पहिलो पटक अधिवेशन गर्न प्रदेश कमिटीले आवश्यक संयोजनको काम गर्न सक्नेछ ।

२. पालिका तहको अधिवेशन गर्दा पालिका कमिटीका सबै सदस्यहरू, स्थानीय तहमा महासंघको एक सयसम्म सदस्य भएमा सबै सदस्यलाई र सो भन्दा बढी सदस्य भएमा एक सय जना सम्म उपस्थित हुन सक्ने गरी प्रतिनिधित्व हुने व्यवस्था गरी अधिवेशन सम्पन्न गर्नु पर्नेछ ।

३. उपधारा (२) बमोजिम प्रतिनिधित्वको व्यवस्था गर्दा सातौं महाधिवेशन अगाडि बहाल रहेको विधान बमोजिमका जिफन्ट प्रतिनिधि भई कार्यरत रहेको सबै व्यक्ति पदेन अधिवेशनको प्रतिनिधि हुने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

३. अधिवेशनबाट गाउँ वा नगर कमिटीको निर्वाचन हुनेछ । कमिटीलाई पालिका कमिटी भन्न सकिनेछ ।

## धारा–३८ पालिका कमिटी गठन

१. जिफन्टको पचास जना सदस्य भएको वा दुई वा सो भन्दा बढी सदस्य युनियनको सदस्य भएको प्रत्येक गाउँ वा नगर पालिकाहरूमा पालिका कमिटी गठन गर्न सकिनेछ ।

२. अधिवेशनबाट अध्यक्ष-१, उपाध्यक्ष-१, सचिव-१ सहसचिव -१ र सदस्य संख्याको आधारमा महासंघको कुल सदस्य संख्या एक सयसम्म भए तीन जनासम्म गरी नौ जनाको र सो भन्दा बढी भए सात जनासम्म सदस्य गरी एघार जनाको कमिटी हुन सक्नेछ । तर महानगर वा उपमहानगर क्षेत्रमा पदाधिकारी तथा सदस्य सहित २१ जनासम्मको पालिका कमिटी बनाउन सक्नेछन् ।

३. गाउँ वा नगर कमिटीले आफ्नो भौगोलिक क्षेत्रको प्रतिष्ठान स्तरका कमिटी, वा अनौपचारिक क्षेत्रका स्थानीयतहका क्रियाशील सदस्य युनियनका इकाईहरूको कामको संयोजन गर्नेछन् ।

४. पहिलो पटकको लागि जिफन्टको स्थानीय कमिटी गठन गर्दा सम्बन्धित प्रदेश कमिटीले जिफन्टका स्थानीय प्रतिनिधिहरू मध्येबाट कम्तीमा आधा र सदस्य युनियनको सम्बन्धित गाउँ तथा नगरको प्रतिष्ठान स्तरको युनियन वा इकाईबाट आधा पदाधिकारी तथा सदस्य रहने गरी स्थानीय कमिटी गठन गरी सम्मेलनको आयोजनाको व्यवस्था गर्नु पर्नेछ ।

**धारा–३९ सामुदायिक क्लव सम्बन्धी व्यवस्था**

१. जिफन्टका सदस्य यूनियनका सदस्यहरू रहेको कुनै पनि स्थानीय क्षेत्रमा सामुदायिक क्लबको अवधारणा अनुसार आपसी सम्पर्क बिस्तार गर्न सकिने गरी बसोबास आधारित सामुदायिक क्लब बनाउन सकिनेछ ।

२. यस्तो क्लब सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**धारा–४० बैठक सम्बन्धी व्यवस्था**

१. सामान्यतया महाधिवेशन प्रतिनिधि परिषद वर्षमा एक पटक बस्नेछ । राष्ट्रिय कमिटीको बैठक प्रत्येक ६/६ महिनामा, प्रदेश वा जिल्ला कमिटी वा विभाग वा अन्य कमिटीको प्रत्येक ३/३ महिनामा बस्नेछ ।

२. बहाल रहेका सदस्य संख्याको ५१ प्रतिशतलाई गणपूरक संख्या मानिनेछ ।

३. बैठकमा मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिको मत निर्णायक मानिनेछ ।

४. २ पटकसम्म लगातार बैठक बोलाउँदा समेत बहुमत सदस्य उपस्थित नभएमा त्यसपछि बस्ने बैठकमा जतिसुकै उपस्थित भए पनि त्यसरी उपस्थित सदस्यमध्येको बहुमतको निर्णय नै सम्बन्धित कमिटीको निर्णय मानिनेछ ।

## भाग–७

# पदाधिकारीको काम, कर्तव्य र अधिकार

**धारा–४१ अध्यक्ष**

राष्ट्रिय कमिटीको अध्यक्ष महासंघको प्रमुख पदाधिकारी एवं नेतृत्वकर्ता हुनेछ । अध्यक्षको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. राष्ट्रिय कमिटीको बैठकको अध्यक्षता गर्ने ।

२. महासचिवलाई पदाधिकारी कमिटी, प्रतिनिधि परिषद तथा अन्य संरचनाको बैठक बोलाउन निर्देशन दिने तथा त्यसको आवश्यक व्यवस्थापन गर्ने जिम्मेवारी दिने ।

३. राष्ट्रिय कमिटीका पदाधिकारी तथा सदस्यहरूको कामको रेख-देख तथा निरीक्षण गर्ने ।

४. बैठकमा आवश्यक पर्दा निर्णायक मत दिने ।

५. महासंघको लक्ष्य, उद्देश्य र कार्यक्रम अनुरूप कमिटीले पारित गरेको निर्णय र निर्देशनको आधारमा महासंघको हितलाई ध्यानमा राखी समग्र नेतृत्व दिने ।

६. मातहत कमिटीको हकमा अध्यक्षले सम्बन्धित कमिटीको बैठकको अध्यक्षता गर्ने र कमिटीलाई नेतृत्व प्रदान गर्नेछन् ।

**धारा-४२ उपाध्यक्ष**

१. अध्यक्षको अनुपस्थितिमा कार्यकारी उपाध्यक्षले र कार्यकारी उपाध्यक्ष नतोकिएकोमा उपधारा (२) मा उल्लिखित क्रममा उल्लेख भए बमोजिमको उपाध्यक्षले अध्यक्षको जिम्मेवारी सम्हाल्नेछन् ।

२. उपाध्यक्षहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क. **विदेश मामिला** : जिफन्टको अन्तर्राष्ट्रिय सम्बन्धको सञ्चालन, विदेश विभागको नेतृत्व गर्ने र वैदेशिक कार्यक्रमहरूको समन्वय र व्यवस्थापन गर्ने । विदेश विभागको सदस्यहरूको कार्यविभाजन गरी सदस्यहरूलाई काममा संलग्न गराउने ।

ख. **योजना समन्वय तथा व्यवस्थापन** : जिफन्टको तर्फबाट सञ्चालन गरिने परियोजनाहरूको समन्वय, व्यवस्थापन तथा सञ्चालन गर्ने । परियोजना व्यवस्थापन कमिटीको नेतृत्व गर्ने ।

ग. **केन्द्रीय श्रम सम्बन्ध परिषद संयोजक** : श्रम सम्बन्ध परिषदको कामको नेतृत्व गर्ने, महासंघ र सदस्य युनियनको तर्फबाट सामूहिक सादौबाजीको नेतृत्व गर्ने, सरकारसँग र रोजगारदातासँगको सामाजिक सम्वादको आवश्यक कार्य गर्ने ।

घ. **जिफन्ट महिला कमिटी अध्यक्ष** : जिफन्ट महिला कमिटीको नेतृत्व गर्ने, जेण्डर समानताको लागि जिफन्टको तर्फबाट आवश्यक कामको

समन्वय गर्ने । प्रदेश तथा सदस्य युनियनहरूमा महिला कमिटीको गठन गर्न समन्वय गर्ने ।

ङ. **ट्रेड युनियन शिक्षा** : जिफन्ट ट्रेड युनियन स्कुलको सञ्चालन सम्बन्धी नीतिगत नेतृत्व गर्ने, ट्रेड युनियन स्कुल विभागको कामको समन्वय गर्ने र श्रम अडिट आधारित प्रतिवेदन तयार गरी आवश्यक सुधारको योजना बनाउने ।

च. **प्रचार तथा प्रकाशन** : जिफन्टको सबै प्रचार र प्रकाशनको कामको समन्वय गर्ने, मिडिया सेन्टर सञ्चालन गर्ने, इन्टरनेट तथा वेबसाइट वेस टेलिभिजन कार्यक्रम सञ्चालन गर्ने तथा महासंघ संलग्न हुने अतिरिक्त कृयाकलापको समन्वय गर्ने ।

छ. **आर्थिक प्रशासन** : आर्थिक विभागको नेतृत्व गर्ने, जिफन्टको आर्थिक योजना तर्जुमा गर्ने । महासंघले अन्यथा निर्णय गरेकोमा बाहेक खर्चको प्रमुख अख्तियारीवाला भई काम गर्ने ।

ज. **समाजिक सुरक्षा तथा श्रमिक सहकारी प्रवर्धन** : सामाजिक सुरक्षा ऐन तथा नियममा उल्लेख भए बमोजिम आम श्रमिकलाई सामाजिक सुरक्षा योजनामा सहभागी बनाउने र सहकारी स्थापना र सञ्चालनमा श्रमिकलाई अभिप्रेरित गर्ने । सामाजिक सुरक्षा र सहकारी प्रवर्धन कमिटीको नेतृत्व गर्ने ।

३. राष्ट्रिय कमिटीले उपाध्यक्षहरूमध्ये प्रत्येकलाई प्रदेशको इन्चार्ज भई काम गर्न तोक्नेछ । यसरी तोकिएको उपाध्यक्षले प्रदेश कमिटीको बैठकमा सहभागी भई महासंघको तर्फबाट नीतिगत निर्देशन दिने, कामको समन्वय तथा अनुगमन गर्नेछन् । कार्यकारी उपाध्यक्षले सबै प्रदेशको कामको समन्वय गर्नेछन् ।

४. मातहत कमिटीको हकमा उपाध्यक्षले आर्थिक विभागको प्रमुख समेत भई काम गर्ने र अध्यक्ष नभएको अवस्थामा अध्यक्षले गर्दै आएको कार्य गर्नेछन् ।

**धारा–४३ महासचिव**

१. अध्यक्षको परामर्श लिई बैठकको लागि प्रतिवेदन र कार्यक्रम तयार गर्ने, बैठक बोलाउनेछ ।

२. कमिटीको दैनिक कार्य सञ्चालन गर्ने र सचिवालयको प्रमुखको हैसियतले कार्य गर्नेछन् ।

३. राष्ट्रिय कमिटी वा पदाधिकारी कमिटी वा सचिवालयको बैठकका निर्णय परिपत्र गर्ने, महासंघको तर्फबाट सार्वजनिकरूपमा प्रसारित हुने वक्तव्य, टिप्पणी र स्पष्टीकरण जारी गर्ने ।

४. सदस्य युनियनको कामको संयोजन गरी पदाधिकारी कमिटीमा जानकारी गराउने प्रमुख दायित्व महासचिवको हुनेछ ।

५. मातहत कमिटीको हकमा सचिवले उल्लिखित कार्य गर्नेछन् ।

**धारा–४४ उप महासचिवहरू**

१. उपमहासचिवहरूले महासंघको राष्ट्रिय कमिटीले तोके बमोजिम कामको संयोजन गर्नेछन् । महिला उपमहासचिवले महिला कमिटीको उपाध्यक्षको हैसियतमा काम गर्ने कुराको अतिरिक्त महासंघले तोकेको अन्य काम गर्नेछन् ।

२. महासचिवको अनुपस्थितिमा निजको काम निजले तोकेको उपमहासचिवले गर्ने ।

३. मातहत कमिटीको सहसचिवले सचिवको अनुपस्थितिमा गर्ने कार्य गर्नेछन् ।

**धारा–४५ सचिवहरू**

विभागीय सचिवहरूले सम्बन्धित विभाग हेर्ने उपाध्यक्षको संयोजनमा रही दैनिक कार्य सञ्चालन गर्नेछन् । श्रम सम्बन्ध सचिवले श्रम सम्बन्ध परिषदको सचिव भई दैनिक कार्य सञ्चालन गर्नु पर्नेछ र महिला सचिवले महिला कमिटीको तर्फबाट गर्ने दैनिक कार्य सञ्चालन गर्नेछन् ।

**धारा–४६ सदस्यहरू**

१. कमिटीका निर्णयहरू सम्बन्धित प्रदेश वा आफूलाई निर्वाचित गर्ने युनियन वा पदेन प्रतिनिधि भएको क्षेत्रमा लागू गराउन क्रियाशील रहनु पर्नेछ ।

२. आफू निर्वाचित भएको क्षेत्रको तथा समग्र कार्यको संगठकको भूमिका निर्वाह गर्नेछ ।

३. महाधिवेशनद्वारा पारित नीति, नियम लागू गर्न क्रियाशील हुनेछ ।

**धारा–४७ मुख्य सचिव**

१. दैनिक कार्यालय सञ्चालनमा प्रशासनिक दायित्व पूरा गर्नेछ ।
२. राष्ट्रिय कमिटिको निर्देशन मुताविक सचिवालयको काममा सहयोग गर्नेछन् ।

भाग–८

# राजिनामा, पद रिक्तता र पदपूर्ति

**धारा–४८ राजिनामा**

राष्ट्रिय कमिटी एवं महाधिवेशन प्रतिनिधि परिषदका कुनै पनि पदाधिकारी तथा सदस्य तथा केन्द्रीय संरचनाहरूको प्रमुख तथा सदस्यहरूले राष्ट्रिय कमिटीको अध्यक्ष समक्ष, अध्यक्षले राष्ट्रिय कमिटी समक्ष राजिनामा पेस गर्न सक्नेछ । राजिनामा राष्ट्रिय कमिटीको सदस्य वा संरचनाको प्रमुख वा सदस्य भए अध्यक्षले स्वीकृत गर्न सक्नेछन् र उल्लिखित व्यक्ति बाहेक कुनै पनि मातहत कमिटीको पदाधिकारीले सोही कमिटीको अध्यक्ष समक्ष र अध्यक्षले सोही कमिटी समक्ष राजिनामा दिन सक्नेछन् । राजिनामा स्वीकृत गर्ने अधिकार जो समक्ष राजिनामा पेस गरिएको हो निजलाई नै हुनेछ ।

**धारा–४९ पदरिक्तता र पदपूर्ति**

१. देहायका अवस्थामा परिषद, राष्ट्रिय कमिटी वा निकायका पदाधिकारी तथा सदस्यको पदरिक्तता भएको  मानिने छ :

क. मृत्यु भएमा ।
ख. विधान बमोजिम राजिनामा स्वीकृत भएमा ।
ग. अनुशासनको कार्वाहीमा परी निष्कासन भएमा ।
घ. मानसिक सन्तुलन ठिक नभएमा ।
ङ. लिखित सूचना नदिई लगातार तीन पटक वा पटक-पटक गरी ५ पटकसम्म सम्बन्धित कमिटीको बैठकमा उपस्थित नभएमा ।
च. सदस्य यूनियनबाट निर्वाचित भएका व्यक्ति उक्त यूनियनले निष्कासन गरेमा वा सदस्य यूनियन विघटन भएमा वा सदस्य यूनियन महासंघबाट अलग भएमा त्यस यूनियनका प्रतिनिधि सदस्यहरू ।
तर राष्ट्रिय कमिटीमा निर्वाचित व्यक्तिको हकमा राष्ट्रिय कमिटीले निर्णय नगरेसम्म उल्लिखित निर्णय लागु हुने छैन ।
छ. राष्ट्रिय कमिटीका कुनै पनि पदाधिकारी तथा सदस्य ६० वर्ष उमेर पूरा गरेमा ।

२. परिषद, राष्ट्रिय कमिटी वा संरचनाका पदाधिकारी तथा सदस्यको पदरिक्तता भएमा देहाय बमोजिम पूर्ति गरिनेछ :

क महाधिवेशन प्रतिनिधि परिषदको पूर्ण सदस्यको पदरिक्त भएमा पहिलो वैकल्पिक सदस्य र निज समेत नभएमा दोस्रो वैकल्पिक सदस्यले परिषद सदस्य भई कार्य गर्नेछन् ।
ख. राष्ट्रिय कमिटीका पदाधिकारी तथा सदस्यको पद रिक्त भएमा राष्ट्रिय कमिटीले पदपूर्ति गर्नेछ । अन्य संरचनाको पद रिक्त भएमा प्रतिनिधि परिषदले पदपूर्ति गर्नेछ ।
ग. अन्य मातहत कमिटीको पदरिक्त भएकोमा निर्वाचित कमिटीको हकमा सोही कमिटीले र मनोनयनद्वारा गठन भएकोमा मनोनयन गर्ने कमिटीले नै पदपूर्ति गर्नु पर्नेछ ।

भाग-९

# अनुशासनको कार्वाही

**धारा–५० खराब आचरण**

देहायका अवस्था विद्यमान भएमा खराव आचरण मानिने छ :

१. कमिटीले दिएको जिम्मेवारी पूरा नगरेमा ।

२. महासंघको विधान र कार्यक्रम, नीति, निर्णय, विपरीत कार्य गरेमा वा नेतृत्वको निर्देशन पालना नगरी त्यसको बर्खिलाप गर्दै हिंडेमा ।

३. समानान्तर संगठन खोलेमा वा विरोधी संगठनको सदस्य बनेमा ।

४. गलत उद्देश्यहरूबाट प्रेरित भई संगठनमा घुसपैठ गरेमा वा संगठन विरोधी गुप्त वा खुल्ला गतिविधि गरेको थाहा लागेमा ।

५. यौन दुरुत्साहन तथा अन्य प्रकारको खराव आचरण गरेमा

६ चरित्रहीन तथा नैतिकहीन कार्य गरेको ठहरेमा, आर्थिक अनुशासन पालना नगरी संगठनको सम्पत्ति दुरुपयोग, हिनामिना वा भ्रष्टाचार गरेमा ।

**धारा–५१ कार्वाही**

उपरोक्त खराव आचरण गरेमा निम्न कार्वाही गर्न सकिने छ :

१. गल्ती वा अपराधको प्रकृति हेरी कमिटीले क्रमश: आलोचना, कडा आलोचना, चेतावनी, निलम्बन तथा निष्कासन समेत गर्नेछ ।

२. मुख्य सचिवले आफ्नो दायित्व निर्वाह नगरेको र निजमाथि सांगठनिक गोपनीयता सम्बन्धी प्रश्न चिन्ह उठेमा केन्द्रीय सचिवालयको निर्णय अनुसार कुनै पनि समय बर्खास्त गर्न सकिनेछ ।

३. कुनै पनि सदस्यलाई कार्वाही गर्नु पूर्व सुनुवाइको मौकाबाट बन्चित गरिने छैन ।

४. राष्ट्रिय कमिटी एवं परिषद सदस्यलाई कार्वाही गर्नु पर्दा राष्ट्रिय कमिटीको २/३ बहुमतले मात्र गर्न सक्नेछ। तर विशेष अवस्थामा अध्यक्षले कुनै पनि सदस्यलाई पछि प्रक्रिया पूरा गर्ने गरी पूर्व कार्वाही गर्न यस विधानको अन्य धारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।

**धारा-५२ सदस्य यूनियन माथि कार्वाही गर्न सकिने**

१. कुनै सदस्य यूनियनको कार्य समिति महासंघ तथा सम्बन्धित सदस्य यूनियनको विधान र लक्ष्य, उद्देश्य तथा कार्यक्रम विपरीत हिंडेमा वा नेतृत्वको निर्देशनको अपहेलना गरेमा वा श्रमिकको हित विपरीत व्यवस्थापनसँग अवैध साँठगाँठ गरेमा वा अन्य काम गरेमा त्यस्तो सदस्य यूनियनको केन्द्रीय समितिलाई भंग गर्न सक्नेछ।

२. उपधारा (क) अनुसार कार्यसमिति भंग भएपछि राष्ट्रिय कमिटीले सदस्य यूनियनको सदस्यता प्राप्त सदस्यको अध्यक्षतामा तत्काल नयाँ अन्तरिम कार्य समिति गठन गर्नु पर्नेछ।

३. यसरी गठित कार्य समितिले सम्बन्धित यूनियनको विधान बमोजिम ६ महिनाभित्र राष्ट्रिय अधिवेशन बोलाई नयाँ कार्य समिति गठन गर्नु पर्नेछ।

## भाग-१०

# नेतृत्व निर्वाचन

**धारा-५३ निर्वाचन आयोग**

१. रराष्ट्रिय कमिटीको लागि निर्वाचित हुने पदाधिकारी वा सदस्यको निर्वाचनका लागि महाधिवेशन र अन्य कमिटीको सन्दर्भमा सोही तहको अधिवेशनले निर्वाचन आयोग गठन गर्न सक्नेछ।

२. निर्वाचन आयोगले सम्बन्धित तहको अधिवेशनको सहमति लिई निर्वाचन सम्बन्धी कार्यविधि तथा निर्देशिका बनाई लागू गर्न सक्नेछ।

**धारा–५४ उम्मेदवारी**

निर्वाचनमा उम्मेदवार हुन कुनै पनि सदस्यको निम्न योग्यता पुगेको हुनुपर्ने छ-

१. कुनै सेवा, उद्योग, औद्योगिक प्रतिष्ठान, कृषि श्रमिक एवं असंगठित क्षेत्रमा एक वर्ष अविच्छिन्न सेवा गरेको । तर कूल महाधिवेशन प्रतिनिधि परिषद सदस्यको २५ प्रतिशत सदस्यका लागि यो व्यवस्था लागू हुने छैन ।

२. राष्ट्रिय कमिटीको पदाधिकारी र सदस्य पदमा उम्मेदवार हुन ६० वर्ष ननाघेको हुनुपर्नेछ ।

३. महासंघको सबै तहका कमिटीमा अध्यक्षले पटक पटक वा लगातार दुई कार्याविधि कार्य सञ्चालन गरेपछि पुन: तेस्रो कार्यकालको लागि सोही पदमा उम्मेदवार हुन पाउने छैन ।

४. निर्वाचन प्रक्रिया र क्षेत्र सम्बन्धी व्यवस्था यस विधान तथा महाधिवेशनबाट पारित निर्वाचन सम्बन्धी कार्यविधि अनुरूप हुनेछ ।

**धारा–५५ निर्वाचन परिणाम**

१. आवश्यकताभन्दा बढी उम्मेदवार भएमा गोप्य मतदानद्वारा बहुमत प्राप्त व्यक्ति निर्वाचित घोषित गरिनेछ ।

२. पदसंख्या र उम्मेदवार बराबर भएमा निर्विरोध घोषणा गरिनेछ ।

३. मत बराबर भएमा गोला प्रथाद्वारा निर्णय गरिनेछ ।

**धारा–५६ निर्वाचन कार्यक्रम तथा मतदान**

निर्वाचन आयोगले निर्धारण गरेको समय र स्थानमा कार्यक्रम सञ्चालन र मतदान हुनेछ ।

भाग–११

# कोष तथा लेखा परीक्षण

**धारा–५७ कोष**

१. महासंघको राष्ट्रिय कमिटीलाई आर्थिकरूपमा सबल र सक्षम बनाउन यसको छुट्टै कोष हुनेछ । राष्ट्रिय कमिटीको निर्देशनको अधीनमा रही मातहत कमिटीले समेत कोष सञ्चालन गर्न सक्नेछन् ।

२. कोषमा देहायका रकम जम्मा हुनेछ -

   क. सदस्यता शुल्क/नवीकरण शुल्क
   ख. लेवी
   ग. महासंघमार्फत् कुनै सभा, गोष्ठी, सेमिनारमा भाग लिने व्यक्तिबाट प्राप्त रकम ।
   घ. विशेष अनुदान ।
   ङ. अन्य ।

**धारा–५८ कोषको परिचालन**

१. सदस्य यूनियनले राष्ट्रिय कमिटीले तोके बमोजिम सदस्य शुल्क तथा लेवी बुझाउनु पर्नेछ ।

२. खास कामको लागि उठाएको रकम कुनै पनि कमिटीले तथा सदस्य यूनियनले सोही काममा आंशिक वा पूरा खर्च गर्न सक्नेछ ।

३. राष्ट्रिय कमिटिले अन्यथा निर्णय गरेको वाहेक खातामा अध्यक्ष र महासचिव मध्ये एक र आर्थिक प्रशासन उपाध्यक्ष र आर्थिक सचिव मध्ये एक जनाको हस्ताक्षर रहने गरि खाता संचालन गरिनेछ ।

४. महासंघको सम्पूर्ण खर्च महासंघको कोषबाट व्यहोरिनेछ । खर्चको स्वीकृति राष्ट्रिय कमिटीबाट गराउनु पर्नेछ । तर मातहत कमिटीको खर्च सोही तहको कमिटीको कोषबाट व्योहोरिनेछ । खर्च अनुमोदन पनि सोही कमिटीले गर्नेछ ।

५. राष्ट्रिय कमिटीले एउटा महाधिवेशनदेखि अर्को महाधिवेशनसम्मको आय-व्ययको पूरा विवरण महाधिवेशनमा पेस गर्नु पर्नेछ । मातहत कमिटीको आय-व्ययको विवरण सोही तहको अधिवेशनमा पेस गर्नु पर्नेछ ।

६. महासंघको कोष सञ्चालनका लागि आर्थिक विभागले राष्ट्रिय कमिटीको स्वीकृति लिई नीति निर्माण गर्ने, कोष परिचालन नियमावली जारी तथा लागू गर्ने र मातहत कमिटी तथा सदस्य यूनियनको कोष सञ्चालनमा आवश्यक नियन्त्रण गर्न सक्नेछ ।

७. मातहत कमिटीको कोष र त्यसको परिचालन राष्ट्रिय कमिटीले तोके बमोजिम हुनेछ ।

**धारा–५९ लेखा परीक्षण**

१. प्रत्येक कमिटीले आफ्नो वार्षिक हिसाब किताबको लेखा परीक्षण प्रत्येक वर्ष गर्नु पर्नेछ ।

२. मातहत कमिटीहरूले वार्षिक हिसाब किताबको लेखा परीक्षण गरी प्रत्येक वर्ष राष्ट्रिय कमिटीमा पेस गर्नु पर्नेछ र एक अवधिको हिसाब सोही तहको अधिवेशनमा पेस गर्नु पर्ने छ ।

३. महाधिवेशनले लेखा परीक्षक नियुक्त गर्नेछ । लेखा परीक्षण प्रतिवेदन महाधिवेशनबाट पारित हुनु पर्नेछ ।

४. यूनियनको आर्थिक अभिलेख दोहोरो लेखा प्रणाली बमोजिम राखिनेछ ।

५. सदस्य यूनियनले प्रत्येक वर्ष आफ्नो आम्दानी खर्चको वासलात महासंघको सचिवालयमा पठाउनु पर्नेछ ।

**धारा–६० आर्थिक नियमावलीको परिपालना**

महासंघको आर्थिक कारोवार सञ्चालन र नियमित गर्न राष्ट्रिय कमिटीले आर्थिक नियमावली तर्जुमा गर्नेछ । त्यस्तो आर्थिक नियमावलीको पालना गर्नु सम्पूर्ण सदस्यको कर्तव्य हुनेछ । उक्त नियमावली पालना नगर्ने व्यक्तिलाई खराब आचरण

बापत आर्थिक विभागले कार्वाहीका लागि राष्ट्रिय कमिटी समक्ष अनिवार्यरूपमा प्रस्ताव गर्नु पर्नेछ ।

## भाग-१२
## विविध

**धारा–६१ महासंघका अन्य कार्यहरू**

नेपाल ट्रेड यूनियन महासंघको उद्देश्य प्राप्तिका लागि महासंघले ट्रेड यूनियन ऐन २०४९ मा उल्लिखित कार्यहरू बाहेक देहाय बमोजिमका कार्यहरू गर्नेछ :

१. मजदुर तथा श्रमजीवी वर्गको हित तथा कल्याणका लागि विभिन्न प्रकारका आर्थिक कोष तथा सहकारीको स्थापना गर्ने र सञ्चालन गर्ने ।

२. श्रमिकहरूको हक हितको संरक्षण र संवर्धन गर्ने सम्बन्धका विभिन्न प्रकारका दबाबमूलक कार्यक्रम सञ्चालन गर्ने, हड्तालको आह्वान गर्ने तथा अन्य कानुनी कारवाही प्रारम्भ गर्ने ।

३. सदस्य यूनियनको विधानले दिएको अधिकार प्रयोग गरी त्यस्ता ट्रेड यूनियनलाई आवश्यक नीति निर्देशन जारी गर्ने र त्यस्ता यूनियन माथि आफ्नो नियन्त्रण कायम राख्ने ।

४. महासंघका सदस्य ट्रेड यूनियन संघ र त्यस्ता संघका प्रतिष्ठानस्तरको ट्रेड यूनियन वा त्यस्ता संघको विधान बमोजिम गठित अन्य कमिटी वा यसै महासंघको विधान बमोजिम गठित मातहत कमिटीहरूले महासंघको नीति विरुद्ध काम कार्वाही गरेमा, त्यस्ता कमिटीको नियन्त्रणमा रहेको चल अचल सम्पत्ति हिनामिना गरेमा वा गर्ने संभावना भएमा वा त्यस्ता कमिटी उपर कार्वाही भएकोमा त्यस्तो चल अचल सम्पत्ति आफ्नै नियन्त्रणमा लिन वा अन्य कुनै तरिकाले त्यसलाई प्रचलन गर्न गराउन वा वैकल्पिक व्यवस्था नभएसम्म त्यस्तो सम्पत्ति रोक्का गर्न सम्बन्धित निकायमा निवेदन दिने, त्यस्तो सम्पत्ति कानुनी प्रक्रिया पूरा गरी फिर्ता लिन सक्नेछ ।

५. महासंघको लक्ष्य, उद्देश्य नीति तथा कार्यक्रम लागू गर्नका लागि अन्य आवश्यक काम कार्वाही गर्ने, गराउने।

**धारा–६२ महासंघ सम्मीलन हुन सक्ने**

१. यो महासंघ अर्को ट्रेड यूनियन महासंघसँग सम्मीलन भई ट्रेड यूनियन महासंघ बनाउन सक्नेछ ।

२. महासंघ सम्मीलन गर्ने सम्बन्धी आवश्यक सम्पूर्ण काम कार्वाही राष्ट्रिय कमिटीले गर्न सक्नेछ ।

३. महासंघको तर्फबाट महासंघको नीति, सिद्धान्त, विचार, तथा कार्यक्रमसँग सामीप्यता राख्ने अन्य महासंघसँग एकता प्रक्रियालाई प्रभावकारी बनाउन एकता संयोजन समिति बनाउनेछ। संयोजन समितिमा संभावित अन्य महासंघबाट समेत प्रतिनिधित्व हुने व्यवस्था गरी एकता प्रक्रियालाई अगाडि बढाउनेछ ।

४. एकता संयोजन समितिले युनियनको सम्मीलन सम्बन्धी विषयमा सबै आधार तथा संगठनात्मक प्रस्ताव तयार गरी राष्ट्रिय कमिटीमा पेस गर्नेछ र कमिटीले अनुमोदन गरेपछि सम्मीलन हुनेछ ।

५. यस धारा बमोजिम सम्मीलन गर्दा विधानमा आवश्यक संशोधन गर्ने लगायतको अधिकारको प्रयोग संयोजन समितिको प्रस्ताव अनुरुप राष्ट्रिय कमिटीले गर्न सक्नेछ ।

**धारा–६३ महासंघ विघटन**

राष्ट्रिय महाधिवेशनको २/३ बहुमतले महासंघ विघटन गर्ने निर्णय गरेमा महासंघ विघटन हुनेछ ।

**धारा–६४ वैदेशिक सम्बन्ध**

विदेशी ट्रेड यूनियन र सम्बन्धित विविध संघ-संस्थासँग मैत्री सम्बन्ध बिस्तार गर्ने कार्य सम्पूर्ण सदस्य यूनियनको तर्फबाट समेत महासंघले गर्नेछ ।

तर महासंघको राष्ट्रिय कमिटीको निर्णय अनुसार कुनै पनि सदस्य यूनियन कुनै अन्तरराष्ट्रिय यूनियनको सदस्य हुन र अन्तरराष्ट्रिय सम्बन्ध स्थापना गर्ने कुरामा यस धाराले बाधा पुऱ्याएको मानिने छैन ।

**धारा–६५ सम्पत्ति र दायित्वको उत्तराधिकारी**

१. यो महासंघ विघटन भएमा यसको सम्पत्ति तथा दायित्व सदस्य यूनियनले बराबरी व्यहोर्नु पर्नेछ र अर्को महासंघसँग सम्मीलन भएमा नयाँ उत्तराधिकारी महासंघले सम्पत्ति तथा दायित्व व्यहोर्नु पर्नेछ ।

२. उपधारा १ बमोजिमको अवस्थामा बाहेक अन्य अवस्थामा महासंघको सम्पत्ति तथा दायित्वको उत्तराधिकार नेपाल सरकारको हुनेछ ।

**धारा–६६ कर्मचारी नियुक्ति**

महासंघले यस विधान बमोजिम मुख्य सचिव र लेखा अधिकृत र आवश्यकता अनुसार कर्मचारी नियुक्ति गर्न सक्नेछ । मुख्य सचिव, लेखा अधिकृत लगायत कर्मचारीको नियुक्ति बर्खास्ती तथा सेवा सर्त तोके बमोजिम हुनेछ ।

**धारा–६७ कार्यालय**

महासंघको केन्द्रीय कार्यालय काठमाडौंमा र अन्य कार्यालयहरू आवश्यकता अनुसार विभिन्न स्थानमा राख्न सकिनेछ ।

**धारा–६८ अधिकार प्रत्यायोजन गर्नसक्ने**

महासंघको तर्फबाट कुनै अदालत तथा अधिकारी समक्ष मुद्दा दायर गर्ने र प्रतिरक्षा गर्ने अधिकार अध्यक्ष वा महासचिव वा राष्ट्रिय कमिटीले तोकेको कुनै व्यक्तिलाई हुनेछ । यस महासंघको उद्देश्य पूरा गर्नका निमित्त विभिन्न कार्य गर्नका लागि महासंघले कुनै मातहत कमिटी वा राष्ट्रिय कमिटी सदस्य वा कर्मचारी वा अन्य कुनै व्यक्तिलाई निजले गर्नुपर्ने काम समेत तोकी अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

**धारा–६९ विधान संशोधन**

यो विधान राष्ट्रिय महाधिवेशनको बहुमतले संशोधन गर्न सक्नेछ ।

**धारा–७० नियम बनाउन सक्ने**

राष्ट्रिय कमिटीले विधानसँग नबाझिने गरी नियम बनाउन सक्नेछ ।

**धारा–७१ बाधा अड्चन फुकाउने**

यो विधान कार्यान्वयनको सिलसिलामा कुनै बाधा उत्पन्न भएमा राष्ट्रिय कमिटीले बाधा अड्चन फुकाउन सक्नेछ ।

**धारा–७२ अध्यक्ष मण्डल**

१. राष्ट्रिय महाधिवेशनले बन्दसत्र सञ्चालनको लागि अध्यक्ष मण्डल गठन गर्नेछ । अध्यक्ष मण्डलमा पदाधिकारीहरू सबै र आवश्यकता अनुसार अन्य व्यक्तिहरू रहनेछन् ।

२. अन्य अधिवेशन सञ्चालनका लागि सोही अधिवेशनले अध्यक्ष मण्डल गठन गर्न सक्नेछ ।

३. अध्यक्ष मण्डल गठन भए पनि नवनिर्वाचित कमिटीले शपथग्रहण नगरेसम्म कमिटी विघटन हुने छैन ।

**धारा–७३ शपथग्रहण**

राष्ट्रिय कमिटी वा कुनै पनि मातहत कमिटीमा निर्वाचित एवं पदेन सदस्यले अध्यक्ष मण्डलको अध्यक्ष वा माथिल्लो कमिटिको व्यक्तिबाट निम्न बेहोराको शपथग्रहण गर्नु पर्नेछ । शपथग्रहण समारोह महाधिवेशन स्थलमा वा अन्यत्र आयोजना गरी पद हस्तान्तरण कार्यक्रम गर्न सकिनेछ ।

# शपथग्रहण

म ..........................................................................

नेपाली मजदुर तथा श्रमजीवी वर्गको नाममा सपथ लिन्छु, नेपाली मजदुर तथा श्रमजीवी वर्गको हित र अधिकारका लागि सदा सर्वदा लागिरहनेछु । नेपाल ट्रेड यूनियन महासंघको महाधिवेशनबाट पारित विधान र 'समाजवाद र श्रमजीवी वर्गको सम्मानित, समृद्ध र सिर्जनशील जीवन' को लक्ष्य, उद्देश्य तथा कार्यक्रमप्रति प्रतिबद्ध रही महासंघको काममा सधैं दृढतापूर्वक लागिरहनेछु । संगठनको अनुशासनको कडाइका साथ पालना गर्नेछु र संगठनको गोपनीयताको संरक्षण गर्नेछु । देश र सम्पूर्ण नेपाली जनताको हितलाई सर्वोपरि राखी लोकतान्त्रिक गणतन्त्रको संवर्धन र संरक्षणको लागि नेपाली मजदुर तथा श्रमजीवी वर्गको प्रतिनिधिको हैसियतले सदा लागिरहनेछु ।

**आदरणीय शहीदहरू – लाल सलाम !**

**नेपाल ट्रेड यूनियन महासंघ – जिन्दावाद !**

अनुसूची १




झण्डा

अनुसूची २

प्रतिक चिन्ह (लोगो)


## नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट)

**केन्द्रीय कार्यालय, काठमाडौं**

**पो.ब.नं.**:१०६५२, मनमोहन मजदुर भवन, जिफन्ट प्लाजा, पुतली सडक
**फोन**: ४१६८०००, फ्याक्स: ४१६८००१, **ई–मेल**: office@gefont.org